प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रमको प्रवेश परीक्षाको नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) लाई अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७६/०६/०८)

यस परिषद्का आंगिक, TECS सामुदायिक बिद्यालय, परिषद्का साझेदार शिक्षालय र परिषद्बाट सम्बन्धन प्राप्त शिक्षण संस्थाहरुमा दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना तथा व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना-दोस्रो (EVENT-II) बाट निःशुल्क संचालन गरिने प्राविधिक एस.एल.सी. तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रमको बिभिन्न मितिमा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित परीक्षाको आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम आवेदन फाराम भरेका परीक्षार्थीहरुको सैद्धान्तिक (लिखित) प्रवेश परीक्षा मिति २०७६।०५।२३ गते सोमबार बिहान ८:०० बजे देखि तोकिएका परीक्षा केन्द्रहरुमा संचालन भएको र सम्वन्धित शिक्षण संस्थाहरुमा मिति २०७६।०५।२५ गते देखि संचालन भएको अन्तरवार्ता समेतको अंकको योगफलबाट योग्यताक्रमानुसार सिफारिश बमोजिम मिति २०७६।०६।०७ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन(मिति २०७६।०६।२८ गते) भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना हुन आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परिक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । उल्लेखित म्यादभित्र परिक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा उक्त कोटामा वैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सम्वन्धित शिक्षण संस्थाले रिक्त संख्या समेत उल्लेख गरी परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा ३ दिन भित्र पत्र स्क्यान गरी लिखित जानकारी (इमेल oce.ctevt@gmail.com) मा गराउनु हुन अनुरोध छ ।

यदि तोकिएको समयावधी भित्र मुख्य परीक्षार्थी (Main Candidate) भर्ना हुन नगएको कारणले वा सम्वन्धित कार्यक्रममा सिट भन्दा कम परीक्षार्थी सिफारिस भई सिट रिक्त रहेमा सम्वन्धित शिक्षण संस्थाले ७ दिनको म्याद दिई गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी सम्वन्धित कार्यक्रमको बैकल्पिक/उत्तीर्ण सूचीबाट पहिलो प्राथमिकता दिने, त्यस्तो उम्मेदवार नभएमा Apprenticeship कार्यक्रमको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण अन्य कार्यक्रमका इच्छुक परीक्षार्थीहरु मध्येबाट निवेदन माग गरी दर्ता भएकामध्येबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ । प्रवेश परीक्षाको अंक बराबर भएमा एसईइ को ग्रेड सिट अनुसार छनौट गर्ने र सो पनि बराबर भएमा क्रमशः गणित, बिज्ञान र अंग्रेजीको नतिजालाई आधारमानी छनौट गर्नुपर्नेछ । रिक्त सिटहरुमा सार्वजनिक सूचना प्रकाशित नगरी नियम बिपरित परीक्षार्थीहरु भर्ना भएको पाईएमा त्यस्ता परीक्षार्थीहरुको भर्ना रद्ध गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नोट : यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**